# नेपाल राजपत्र

श्री ५ को सरकारद्वारा प्रकाशित

खण्ड ३७) काठमाडौं, वैशाख २२ गते २०४४ साल (अतिरिक्ताङ्क ६

## भाग ४

### निर्वाचन आयोगको


### सूचना १

निर्वाचन आयोगले राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा १६ को प्रयोजनको लागि तनहुँ जिल्ला निर्वाचन क्षेत्रको रिक्त राष्ट्रिय पञ्चायत सदस्य पद एक पूर्ति गर्न २०४४ वैशाख २९ गते हुने उपनिर्वाचनको निम्ति देहायबमोजिमका चिन्ह भएको मतपत्रको ढाँचा तोकेकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ।

मुद्रण विभाग

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## मतपत्र (रा. पं. स. निर्वाचन)



**मतदान अधिकृतको सही**

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

## सूचना २

राष्ट्रिय पञ्चायत (सदस्य निर्वाचन) ऐन, २०३३ को दफा १७ को उप-दफा (२) को प्रयोजनको लागि निर्वाचन आयोगले २०४४ सालमा तनहुँ जिल्ला निर्वाचन क्षेत्रको रिक्त राष्ट्रिय पञ्चायत सदस्य पद एक पूर्ति गर्न हुने उपनिर्वाचनमा मतदाताले मतपत्रमा आफूले रोज्ने उम्मेदवारको निर्वाचन चिन्ह भएको कोठामा निर्वाचन आयोगको स्वस्तिक चिन्ह (卐) भएको छाप लगाई मतदान गर्नुपर्ने गरी तोकिएकोले सर्वसाधारणको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

आज्ञाले,
मुरलीप्रसाद उपाध्याय
सचिव
निर्वाचन आयोग



श्री ५ को सरकारको छापाखाना, सिंहदरबार, काठमाडौंमा मुद्रित ।

मुद्रण विभाग, सिंहदरबार
आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।

४३

मुद्रण विभाग, सिंहदरबार

आधिकारिकता मुद्रण विभागबाट प्रमाणित गरिएपछि मात्र लागु हुनेछ।